# आपतकालीन चेतावनी प्रणालीहरू बुझ्दै

**For Boulder, Erie, Jamestown, Lafayette, Longmont, Louisville, Lyons, Nederland, Superior, Unincorporated Boulder County, and Ward**

आपात



आपात स्थिति उत्पन्न भएको स्थानको नजिकमा रहेका व्यक्तिहरूले कार्यवाही गर्छन् अनि उनीहरूको आफ्नो सुरक्षा सुनिश्चित गर्नको लागि निर्णयहरू लिन्छन्।

प्रथम प्रतिक्रियाकर्ताहरू (First responders)-ले आपात स्थितिको

प्रथम प्रतिक्रियाकर्ताहरू (First responders)-ले उनीहरूको 911 सेन्टर (911 Center)-लाई जानकारी उपलब्ध गराउँछन् (को, के, कहिले, कहाँ)।

911 Center-ले आपात स्थितिको चेताउनीलाई तयार पार्छन् अनि त्यसलाई पठाउँछन्।

तपाईंले चेताउनीलाई प्राप्त



| तरिका | स्वचालित/ सहमति दिएपछि | विवरण | यसलाई कसरी प्राप्त गर्न सकिन्छ? |
|---|---|---|---|
| **तपाईं**  | **स्वचालित** | तपाईंका इन्द्रियहरू अनि सहज ज्ञानको उपयोग गरेर, तपाईं सदैव आफ्नो प्रथम चेताउनी प्रदान गर्ने प्रणाली बन्न सक्नुहुन्छ। | आफ्नो परिवेशबारे सतर्क रहनुहोस्। यदि तपाईंले कुनै जोखिमलाई देख्नु, सुँघ्नु, सुन्नु, वा त्यसको अनुभव गर्नुभयो भने, तपाईंको सुरक्षा अनि तपाईंका वरिपरिकाहरूको सुरक्षा सुनिश्चित गर्नको लागि निर्णयहरू लिनुहोस्। |
| **टेक्स्ट सन्देश**  | **सहमति** | टेक्स्ट सन्देश सबै सेल फोनहरूमा एकसाथ पठाइन्छ। | **साइन-अप आवश्यक छ:** www.BOCOAlert.org.-मा गएर आफ्नो एकाउन्ट खोल्नुहोस् वा त्यसमा संशोधन गर्नुहोस्। यदि तपाईं सन्देशहरूलाई ब्लक वा स्क्रीन गर्नुहुन्छ भने, तपाईंको फोनमा कन्ट्याक्टको रूपमा 303-441-1400-लाई सामेल गर्नेबारे विचार गर्नुहोस् अनि त्यो कन्ट्याक्टलाई "Emergency Alert Opt-In"-को नाउँ दिनुहोस्। |

| तरिका | स्वचालित/ सहमति दिएपछि | विवरण | यसलाई कसरी प्राप्त गर्न सकिन्छ? |
|---|---|---|---|
| **टेक्स्ट सन्देश** | **स्वचालित** | प्रथम प्रतिक्रियाकर्ताहरू (first responders)-ले ज्यानको तत्काल जोखिम-को स्थितिमा व्यापक प्रसारण आवश्यक ठहरिएको निर्धारण गरेपछि, “एम्बर अर्थात् हल्का पहेंलो चेताउनी शैली (Amber Alert style)”-का सूचनाहरू वायरलेस इमरजेन्सी अलर्ट [Wireless Emergency Alert (WEA)] -को माध्यमले तपाईंको सेलफोनमा पठाइन्छ। | तपाईंको सेल फोन सेटिङ्स-मा Wireless Emergency Alerts (WEAs)-लाई सक्रिय पारिएको छ भनी सुनिश्चित गर्नुहोस्। |
| | **स्वचालित** | एभरब्रिज रेजिडन्ट कनेक्क्शन (Everbridge Resident Connection) निवासीहरूको अनि व्यापारिक फोन नम्बरहरूको एक डेटाबेस हो, जसको सम्बन्ध BOCO Alert-का अधिकारक्षेत्रहरूमध्येको एक ठेगानासित छ। Everbridge-ले सार्वजनिक स्रोतबाट प्राप्त विभिन्न डेटाबेसहरू मार्फत सम्पर्क जानकारीलाई एकत्रित गर्छ, जसले प्रथम प्रतिक्रियाकर्ताहरू (first responders)-ले सूचित गर्नुपर्ने सामुदायिक सदस्यहरूको थप सूचीको निर्माण गर्छ। | यो डेटाबेसमा सामेल गरिएका कुनै पनि सेल फोनहरूले चेताउनीहरू पठाइएको बेलामा स्वतः नै टेक्स्ट सन्देशहरू प्राप्त गर्छन्। रेजिडन्ट कनेक्क्शन (Resident Connection) www.BOCOAlert.org-मा सन्देशहरू प्राप्त गर्नको लागि दिइने सहमतिको विकल्प होइन। |

| तरिका | स्वचालित/ सहमति दिएपछि | विवरण | यसलाई कसरी प्राप्त गर्न सकिन्छ? |
|---|---|---|---|
| **भोएस**  | **सहमति** | सेल फोन, ल्याण्डलाइन अथवा VOIP फोनहरूमा भोएस कल। | साइन-अप आवश्यक छ: आफ्नो एकाउन्ट खोल्न वा त्यसमा संशोधन गर्नको लागि www.BOCOAlert.org-मा जानुहोस्। यदि तपाईं कलहरूलाई ब्लक वा स्क्रीन गर्नुहुन्छ भने, तपाईंको फोनमा कन्ट्याक्टको रूपमा 303-441-1400-लाई सामेल गर्नेबारे विचार गर्नुहोस्, अनि त्यो कन्ट्याक्टलाई “Emergency Alert Opt-In”-को नाउँ दिनुहोस्। |
| | **स्वचालित** | माथिको शीर्षक भएको कागजातमा सूचीबद्ध समुदायहरूको पञ्जीकृत Lumen ल्याण्डलाइनहरू अनि Xfinity VOIP फोनहरूमा भोएस कल। | Lumen ल्याण्डलाइन अनि Xfinity VOIP फोनहरू हरेक त्रिमासमा हाम्रो डेटाबेसमा स्वतः नै अपडेट हुन्छन्। अन्य कुनै भेण्डरहरूबाट लिनुभएका फोन नम्बरहरूलाई अप्ट-इन अर्थात् तपाईंले सहमति दिनुभएको एकाउन्टमा सामेल गर्न सकिन्छ। आफ्नो एकाउन्टलाई www.BOCOAlert.org-मा गएर खोल्नुहोस् अथवा त्यसमा संशोधन गर्नुहोस्। |
| | **स्वचालित** | Everbridge Resident Connection निवासीहरूको अनि व्यापारिक फोन नम्बरहरूको एक डेटाबेस हो, जसको सम्बन्ध BOCO Alert-का अधिकारक्षेत्रहरूमध्येको एक ठेगानासित छ। Everbridge-ले सार्वजनिक स्रोतबाट प्राप्त विभिन्न डेटाबेसहरू मार्फत सम्पर्क जानकारीलाई एकत्रित गर्छ, जसले प्रथम प्रतिक्रियाकर्ताहरू (first re-sponders)-ले सूचित गर्नुपर्ने सामुदायिक सदस्यहरूको थप सूचीको निर्माण गर्छ। | यो डेटाबेसमा सामेल गरिएका कुनै पनि सेल फोन नम्बरहरू, ल्याण्डलाइनहरू, अनि VOIP फोनहरूले चेताउनीहरू पठाइएको बेलामा स्वतः नै भोएस कल प्राप्त गर्छन्। Resident Connection www.BOCOAlert.org-मा दिइने सहमतिको विकल्प होइन। |

| तरिका | स्वचालित/ सहमति दिएपछि | विवरण | यसलाई कसरी प्राप्त गर्न सकिन्छ? |
| --- | --- | --- | --- |
| **एपहरू** | **सहमति** | **Everbridge जन-सुरक्षा एप (Public Safety App)।** | चेताउनी सन्देशको कन्टेन्ट अर्थात् विषय-वस्तु अनि मानचित्रहरूप्रति पहुँच प्राप्त गर्नको लागि Everbridge जन-सुरक्षा एप (Public Safety App)-लाई डाउनलोड गर्नुहोस्। यदि एपमा लोकेशन अर्थात् अवस्थिति सेवाहरूलाई सक्रिय तुल्याइयो भने, तपाईंको सेलफोनले घटनाको सक्रिय क्षेत्रमा प्रवेश गर्नैबित्तिकै तपाईंले चेताउनी प्राप्त गर्नुहुनेछ। |
| | **सहमति** | **ReachWell अनुवाद एप (Translation App)**<br>चेताउनीहरूलाई स्वतः नै ReachWell Translation App-मा पठाइन्छ, जहाँ उपयोगकर्ताहरूले कन्टेन्टलाई 100-भन्दा बढी भाषाहरूमा प्राप्त गर्न सक्छन्। एक अद्वितीय ReachWell समूहमा सामेल हुनको लागि सहमति प्रदान गरेर चेताउनीहरूलाई प्राप्त गर्न सकिन्छ अनि यसमा तपाईंको अवस्थितिलाई साझा गर्ने आवश्यकता पर्दैन। उपयोगकर्ताहरूले बोल्डर काउन्टी (Boulder County)-का सबै नगरहरू र सहरहरूको लागि जारी गरिएका **सबै** चेताउनीहरू प्राप्त गर्नेछन्। | अनुवादका विकल्पहरूको उपयोग गर्न अनि आफ्नो अवस्थितिलाई साझा नगरी चेताउनीहरू प्राप्त गर्नको लागि **ReachWell एपलाई डाउनलोड गर्नुहोस्।** उपयोगकर्ताहरूले चेताउनीलाई पढेर यो निर्धारित गर्नुपर्नेछ कि त्यो उनीहरूको वर्तमान अवस्थितिमा लागू हुन्छ वा हुँदैन। |

| तरिका | स्वचालित/ सहमति दिएपछि | विवरण | यसलाई कसरी प्राप्त गर्न सकिन्छ? |
| --- | --- | --- | --- |
| **मौसमसम्बन्धी चेतावनी**  | **अचानक आउने बाढी (flash flood) तथा हुरीबतासहितको (tornado) आँधीको लागि स्वतः नै चेतावनी** | अचानक आउने बाढी तथा आँधी-तूफानको समयमा अचानक आउने बाढी तथा हुरीबतासहितको आँधीको समयमा सुरक्षासम्बन्धी तत्काल चिन्ताहरूको कारणले गर्दा, यदि अप्ट-इन अर्थात् सहमति प्रदान गरेका एकाउन्टधारीहरूको कुनै एक ठेगाना राष्ट्रिय मौसम सेवा (National Weather Service)-द्वारा परिभाषित क्षेत्रभित्र पर्छ भने, उनीहरूले सबै भोएस, टेक्स्ट अनि इमेल कन्ट्याक्टहरूमा जानकारी प्राप्त गर्नेछन्। | अप्ट-इन अर्थात् सहमति प्रदान गरिएको एकाउन्ट www.BOCOAlert.org-मा खोल्नुहोस्। |
| **ई-मेल**  | **सहमति** | ई-मेलमा पठाइने चेतावनी। | साइन-अप आवश्यक छ: आफ्नो एकाउन्टलाई www.BOCOAlert.org-मा गएर खोल्नुहोस् अथवा त्यसमा संशोधन गर्नुहोस्। |
| **रेडियो वा टेलिभिजन**  | **स्वचालित** | प्रथम प्रतिक्रियाकर्ताहरू (first responders)-ले ज्यानको तत्काल जोखिम-को स्थितिमा व्यापक प्रसारण आवश्यक ठहरिएको निर्धारण गरेपछि, AM/FM रेडियो श्रोताहरू अनि टेलिभिजन प्रसारण हेर्नेहरूको लागि आपात स्थिति चेतावनी प्रणाली [Emergency Alert System (EAS)]-को माध्यमले चेतावनीलाई प्रसारित गरिन्छ। | यसलाई AM/FM रेडियो सुनिरहेका, अथवा टेलिभिजन प्रसारण हेरिरहेका कसैले पनि प्राप्त गर्न सक्छन्। |
| **आउटडोर अर्थात् बाह्य साइरन**  | **स्वचालित** | अचानक आउने बाढी, हुरीबतासहितको आँधीको लागि सुनिन सकिने चेतावनी, अथवा प्रथम प्रतिक्रियाकर्ताहरू (first re-sponders)-ले ज्यानको तत्काल जोखिम-को स्थितिमा अनुरोध गरेको खण्डमा, यस्तै बाह्य श्रव्य चेतावनी। | कतिपय सामुदायिक स्थलहरूमा सबैतिर साइरनहरूलाई जडान गरिएको छ: मध्य अनि दक्षिण बोल्डर (Central and South Boulder), एल्डोराडो स्प्रिङ्स (Eldorado Springs), एरि (Erie), जेम्सटाउन (Jamestown), लफायेट (Lafayette), लुइभेल (Louisville), लायन्स (Lyons), अनि सुपेरियर |